अनुसूची-१६

(दफा ३३ को उपदफा (२) सँग सम्बन्धित)

# श्री मनसुता सामुदायिक वन उपभोक्ता समूह

बबई गाउँपालिका वडा नं. २ र ३ पतेरी, दाङ

## गोलिया काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

रत्न लाल खड्का
अध्यक्ष

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८३।०३।०२**

श्री मनसुता सामुदायिक वन उपभोक्ता समूह बबई गाउँपालिका वडा नं. २ र ३ पतेरी, दाङको आ.व. २०८२/८३ मा स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार उत्पादित वन पैदावार बबई गाउँपालिका वडा नं. ३ पतेरी, दाङमा घाटगद्दी गरी राखिएको निम्न लटको तपसिलमा उल्लेखित परिमाणको वन पैदावार जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारमा आबद्ध संघ/संस्था, फर्म वा कम्पनीले यो सूचना नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईसौं) दिनभित्र खरिद गरी २२ (बाईसौं) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

**तपसिल**

| वन पैदावारको विवरण | | | | | | न्यूनतम | | काठ, दाउरा संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|
| लट नं. | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फि.) | दररेट | मूल्य रु. | |
| १ | साल | गोलिया | A | ९ | १४०.०९ | १२५० | १७५११३ | ३१४२७३ |
| | | | B | ४७ | ४१५.०७ | ९०० | ३७३५६३ | |
| | | | C | १३० | ५६२.६१ | ६०० | ३३७५६६ | |
| | | | D | १२ | ३१.०८ | ३०० | ९३२४ | |
| | जम्मा | | | १९८ | ११४८.८५ | | ८९५५६६ | |
| | असना | गोलिया | A | १० | १७०.४३ | ४०० | ६८१७२ | |
| | | | B | १३ | १३६.५१ | ३०० | ४०९५३ | |
| | | | C | ११ | ७७.२५ | १०० | ७७२५ | |
| | जम्मा | | | ३४ | ३८४.१९ | | ११६८५० | |
| | कुल जम्मा | | | २३२ | १५३३.०४ | | १०१२४१६ | |
| नोटः संकलन खर्च गोलिया काठको प्रति क्यू.फि. रु.२०५।- | | | | | | | | |

१. बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मितिः २०८३।०३।२२ गते ।

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय
   (क) अन्तिम मितिः २०८३।०३।२३ (ख) समय १२:०० बजे सम्म ।

३. बोलपत्र साथ कबोल गरेको रकम को १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक लिमिटेड, घोराही शाखा, दाङमा रहेको खाता नं. ०६३००१००६८०१६५००००01 मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिना अवधि रहेको बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

४. बोलपत्र फारम न्यूनतम मूल्य १० (दश) लाखभन्दा कम भएको खण्डमा प्रति लटको रु. १,०००।- र बढी भएको खण्डमा प्रति लटको रु. २,०००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय दाङ (दाङ), घोराहीबाट खरिद गरी यस वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न सकिनेछ ।

अनुसूची-१६
(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)

# श्री मनसुता सामुदायिक वन उपभोक्ता समूह

बबई गाउँपालिका वडा नं. २ र ३ पतेरी, दाङ

५. लिलाम बढाबढ हुने वनपैदावार कार्यालय खुलेको समय भित्र यस मनसुता सामुदायिक वन उपभोक्ता समूहको बबई गाउँपालिका वडा नं. ३ पतेरी, दाङमा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिबृद्दी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि, डिभिजन वन कार्यालयमा फर्म सूचीकृत भएको प्रमाणपत्रको प्रतिलिपि लगाएका आवश्यक कागजातहरु बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

७. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०३।२३ गते यस समूहको कार्यालयमा दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ ।

८. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, अग्रिम आयकर, सङ्कलन खर्च लगायतका सम्पूर्ण रकम छुट्टै बुझाइ लिलाममा चढाएको वनपैदावार तोकिएको अवधिभित्र उठाइ लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१०. बोलपत्र फाराममा सामुदायिक वन उपभोक्ता समूहको प्रष्ट छाप लागेको र समूहको अध्यक्षको दस्तखत भएको हुनु पर्नेछ । प्रतिलिपि, समूहको छाप नलागेको र समूहको दस्तखत नभएको मान्य हुने छैन ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१२. अन्य विस्तृत कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।



ब्याडको तयारी : घोराही उपमहानगरपालिका वडा नं. १५ स्थित चन्द्रसूर्य टोलमा धानको ब्याड राख्दै किसान। *तस्विर : युगबोध*

# छ प्रदेशले ल्याए बजेट



**युगबोध समाचारदाता**

घोराही, १ असार। देशका सात प्रदेशमध्ये सुदूरपश्चिमबाहेक अरु छ प्रदेशले आर्थिक वर्ष २०८३/८४ का लागि बजेट ल्याएका छन्। सोमबार प्रदेशसमा बजेट पेश गरिएको हो।

कोशी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ४० अर्ब ४४ करोड ९८ लाख रुपैयाँको बजेट सार्वजनिक गरेको छ। प्रदेशसभा बैठकमा आर्थिक मामिला तथा योजना मन्त्री विदुर लिङ्थेपले आगामी आर्थिक वर्षको आय-व्ययको अनुमानित विवरण प्रस्तुत गर्नु भएको हो। सरकारले प्रस्तुत गरेको कुल बजेटमध्ये चालुतर्फ १३ अर्ब ९७ करोड ६३ लाख रुपैयाँ र पूँजीगततर्फ २० अर्ब ७५ करोड ९९ लाख रुपैयाँ विनियोजन गरिएको छ। यस्तै, वित्तीय व्यवस्थापन शीर्षकमा १५ करोड छुट्याइएको छ। सरकारले ल्याएको बजेट चालुतर्फ कुल बजेटको ३४.५५ प्रतिशत हो। पूँजीगततर्फ ५१.३२ प्रतिशत र वित्तीय व्यवस्थापनतर्फ ०.३७ प्रतिशत हुन आउँछ। यो बजेट चालु आर्थिक वर्षको तुलनामा १२.७४ प्रतिशतले बढी हो। सरकारले बजेटको स्रोतमा आन्तरिक राजस्वबाट ५ अर्ब ५० करोड, संघीय सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँडबाट १२ अर्ब ८७ करोड, वित्तीय समानीकरण अनुदानबाट ९ अर्ब १२ करोड, सशर्त अनुदानबाट ५ अर्ब ९५ करोड र समपुरक अनुदानबाट ६४ करोड प्राप्त हुने अनुमान गरेको छ। यसअघि कोशी सरकारले चालु आर्थिक वर्षका लागि ३५ अर्ब ८७ करोड ९९ लाख रुपैयाँको बजेट विनियोजन गरेको थियो।

यसैगरी मधेस प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि ४१ अर्ब १३ करोड ८६ लाख बजेट सार्वजनिक गरेको छ। प्रदेशसभाको बैठकमा अर्थमन्त्री युवराज भट्टराईले राजस्व तथा व्ययको वार्षिक अनुमान प्रस्तुत गर्दै सो बजेट घोषणा गर्नुभएको हो। मधेस प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ का लागि ४६ अर्ब ५८ करोडको बजेट ल्याएको थियो। आगामी आर्थिक वर्षका लागि प्रस्तुत गरिएको बजेट गत वर्षको तुलनामा करिब १३ प्रतिशतले कम रहेको छ। स्रोतको सीमितता तथा खर्च व्यवस्थापनलाई ध्यानमा राख्दै बजेटको आकार घटाइएको सरकारको भनाइ छ। कूल बजेटमध्ये चालुतर्फ १४ अर्ब ६६ करोड अर्थात् ३५ दशमलव ६४ प्रतिशत र पूँजीगततर्फ २६ अर्ब ४७ करोड अर्थात् ६४ दशमलव ३६ प्रतिशत विनियोजन गरिएको छ। प्रदेश सरकारले विकास निर्माण तथा पूर्वाधार विस्तारलाई प्राथमिकतामा राख्दै पूँजीगत खर्चको हिस्सा बढाएको जनाएको छ।

अर्थमन्त्री भट्टराईका अनुसार बजेट कार्यान्वयनका लागि आवश्यक स्रोत व्यवस्थापनमा आन्तरिक राजस्वबाट ११ अर्ब २२ करोड ७५ लाख संकलन हुने अनुमान गरिएको छ। त्यस्तै राजस्व बाँडफाँडबाट १२ अर्ब ८३ करोड, वित्तीय समानीकरण अनुदानबाट नौ अर्ब ४९ करोड ५९ लाख तथा गत आवको नगद मौज्दातबाट छ अर्ब आठ करोड ५२ लाख परिचालन गरिनेछ।

यसैबीच बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ६६ अर्ब ९३ करोड ३३ लाख ३३ हजार रुपैयाँको कुल बजेट पेश गरेको छ। प्रदेशसभामा आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले प्रस्तावित कुल विनियोजित बजेटमध्ये चालुतर्फ २२ अर्ब ९६ करोड १९ लाख ३० हजार रुपैयाँ अर्थात् कुल बजेटको ३४.३१ प्रतिशत विनियोजन गर्नुभएको छ। पूँजीगततर्फ कुल विनियोजन बजेटमध्ये ६५.६९ प्रतिशत अर्थात् ४३ अर्ब ९७ करोड १४ लाख ३ हजार रुपैयाँ रहेको छ। मन्त्री तामाङले खर्च बेहोर्ने स्रोतहरूमध्ये कर राजस्वबाट ३० अर्ब १५ करोड ६ लाख ६८ हजार रुपैयाँ, अन्य राजस्वबाट ७ अर्ब ७३ करोड ९९ लाख १२ हजार रुपैयाँ, संघीय वित्तीय हस्तान्तरणबाट १५ अर्ब ३१ करोड ४८ लाख रुपैयाँ प्राप्त हुने बताउनुभयो। त्यस्तै चालु आर्थिक वर्षको अनुमानित सञ्चित कोषको बचत तथा विविध प्राप्तिबाट १२ अर्ब ७६ करोड ७९ लाख ५३ हजार रुपैयाँ बेहोरिने उहाँले बताउनुभयो।

यसैबीच गण्डकी प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि ३२ अर्ब ९९ करोड ९९ लाख रुपैयाँको बजेट सार्वजनिक गरेको छ। आर्थिक मामिला मन्त्री जीतबहादुर शेरचनले प्रदेशसभामा सो बजेट प्रस्तुत गर्नुभएको हो। विनियोजित कुल बजेटमध्ये विकास खर्चका लागि ६० प्रतिशतभन्दा बढी रकम छुट्याइएको छ। कुल बजेटमध्ये पूँजीगततर्फ २० अर्ब २ करोड ६१ लाख २२ हजार रुपैयाँ विनियोजन गरिएको छ। यो कुल बजेटको ६०.६८ प्रतिशत हो। चालुतर्फ १२ अर्ब ७२ करोड ३७ लाख ७८ हजार रुपैयाँ छुट्याइएको छ। यो कुल विनियोजनको ३८.५६ प्रतिशत हो। वित्तीय व्यवस्थापनका लागि २५ करोड रुपैयाँ विनियोजन गरिएको छ। मन्त्री शेरचनले चालू खर्चलाई वाञ्छित सीमाभित्र राख्दै पूँजीगत खर्च गर्ने क्षमता बढाइने बताउनुभयो।

बजेटको खर्च व्यहोर्ने स्रोतहरुमा संघीय सरकारको वित्तीय समानीकरण अनुदानबाट ७ अर्ब ८४ करोड ८२ लाख रुपैयाँ प्राप्त हुने अनुमान छ। राजस्व बाँडफाँडबाट १० अर्ब १६ करोड ४७ लाख ४८ हजार रुपैयाँ र रोयल्टी बाँडफाँडबाट ५१ करोड ४८ लाख रुपैयाँ प्राप्त हुनेछ। सशर्त अनुदानबाट ३ अर्ब ९३ करोड ३ लाख रुपैयाँ आउने अपेक्षा गरिएको छ। यस्तै समपूरक अनुदानतर्फ ५५ करोड ४६ लाख र विशेष अनुदानतर्फ ३९ करोड ५४ लाख रुपैयाँ प्राप्त हुने अनुमान छ। प्रदेश सरकारको आन्तरिक राजस्व परिचालनबाट ५ अर्ब ८४ करोड १८ लाख ५२ हजार रुपैयाँ संकलन गर्ने लक्ष्य छ। चालु आर्थिक वर्षको वार्षिक कार्यक्रम कार्यान्वयनपछि २ अर्ब रुपैयाँ नगद मौज्दात रहने मन्त्री शेरचनले बताउनुभयो। यसरी न्यून हुने १ अर्ब ७५ करोड रुपैयाँ पूर्ति गर्न आन्तरिक ऋण परिचालन गरिनेछ। सार्वजनिक वित्त र आर्थिक अनुशासन कायम गर्न प्रदेश सञ्चित कोषमा कम्तिमा १० करोड रुपैयाँ मौज्दात रहने व्यवस्था मिलाइएको छ।

यसैगरी कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ३५ अर्ब ३९ करोड ८५ लाख ४८ हजार रुपैयाँको बजेट ल्याएको छ। चालु आर्थिक वर्षको तुलनामा ७.२८ प्रतिशतले वृद्धि गरी आगामी वर्षको बजेट ल्याइएको आर्थिक मामिला तथा योजनामन्त्री राजीवविक्रम शाहले बताउनुभयो। सोमबारको कर्णाली प्रदेशसभा बैठकमा शाहले पेस गरेको बजेटमा आगामी वर्षका लागि चालुतर्फ ८ अर्ब ६० करोड ४५ लाख ५६ हजार (२४.३१ प्रतिशत), पूँजीगततर्फ २० अर्ब ७४ करोड ६७ हजार १२ हजार (५८.३१ प्रतिशत) र वित्तीय हस्तान्तरणतर्फ ५ अर्ब ५४ करोड ७२ लाख ८० हजार (१५.६७ प्रतिशत) रुपैयाँ विनियोजन गरिएको छ। अर्थमन्त्री शाहका अनुसार सरकारले आगामी वर्षका लागि आन्तरिक आयतर्फ ८५ करोड ५ लाख ९० हजार र चालु आर्थिक वर्षमा खर्च नभई बचत हुने अनुमानित रकम ६ अर्ब ४१ करोड ५१ लाख ९ हजार रुपैयाँ बजेट परिचालन गर्नेछ। उहाँका अनुसार संघीय सरकारबाट राजस्व बाँडफाँडतर्फ १० अर्ब ६६ करोड ८५ लाख ४९ हजार, वित्तीय समानीकरणतर्फ १० अर्ब ६३ करोड २३ लाख र सशर्त अनुदानबाट ५ अर्ब ६७ करोड २५ लाख रुपैयाँ अनुदान प्राप्त भएको छ। त्यस्तै संघीय सरकारबाट प्राप्त हुने समपूरक अनुदानतर्फको ६६ करोड ७८ लाख र विशेष अनुदानतर्फको ४८ करोड ५६ लाख र वैदेशिक सहायता ९६ लाख रुपैयाँ स्रोत परिचालन हुने उहाँले जानकारी दिनुभयो।

देशका विभिन्न छ प्रदेशले आगामी आर्थिक वर्षका लागि अनुमानित बजेट प्रस्ताव गरिरहँदा सुदूरपश्चिम प्रदेशले भने सोमबार अबेरसम्म बजेट प्रस्ताव गरेको छैन। आन्तरिक विवादका कारण बजेट निर्माणमै समस्या भएपछि असार १ गते ल्याउनैपर्ने संवैधानिक व्यवस्थाको पालनामा समस्या भएको हो।

# सन्तोष बुढाको कृति 'ना:म्क' विमोचन

**❑ गोविन्द खड्का**



घोराही, १ असार। पूर्वसांसद तथा लेखक सन्तोष बुढा मगरको कृति 'ना:म्क (भूम्या पर्व)' सोमबार घोराही-१३ बडहरामा विमोचन गरिएको छ।

थबाङी समाज सेवा समितिद्वारा आयोजित भूम्या/ ना:म्क पर्वका अवसरमा पुस्तक विमोचन गरिएको थियो। समाजका अध्यक्ष भीमप्रकाश झाँक्री मगरको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि ज्येष्ठ नागरिक १०२ वर्षीय बरमान रोका मगर, विशिष्ट अतिथि नेसंविका सांस्कृतिक विभागका निर्देशक डा. टीकाराम उदासीलगायतले पुस्तक विमोचन गर्नुभएको थियो। 'भूम्या के हो ? ना:म्क के हो ? यो पूजा किन गरिन्छ ? पुर्खाले किन गरे होलान् ? यो नाच कसरी शुरु भयो ? के को लागि नाच्दैछौं ? थुप्रै प्रश्न हाम्रा अगाडि छन्'- पुस्तकका लेखक बुढा मगरले भन्नुभयो- 'त्यसको जवाफ दिने प्रयास गरेको छु।' उहाँका अनुसार मौखिकरुपमा र नाचेर वा अन्य विभिन्न ढंगले उत्तर दिदै आइएको छ। अहिले पुस्तकमार्फत जवाफ दिने प्रयास भएको छ। पहिलोपटक प्रकाशन भएकाले धेरै अपूरा रहेको बताउनुभयो। उहाँले आगामी दिनहरुमा पूर्णता दिएर जाने बताउनुभयो।

'पुर्खाले चर्चा गर्दै आएका थिए। भन्दै गर्दै आए पनि पुस्तकमा लेखिएको थिएन'- कार्यक्रमका विशिष्ट अतिथि डा. उदासीले भन्नुभयो- 'भुम्या बुझ्न चाहने आम पाठकलाई राम्रो सन्दर्भ सामग्री भएको छ।' उहाँका अनुसार पुस्तकमा ऐतिहासिक, सांस्कृतिक, सामाजिक पक्ष लगायत विविध आयामको छ। पुस्तकले मगरको मात्र नभएर समग्र नेपालीको ज्ञान बढाउने विश्वास व्यक्त गर्नुभयो। अन्यले पनि आफ्नो भाषा, समुदाय, संस्कृतिलगायत विविध पक्षमा खोज अनुसन्धान गरेर लिपिबद्ध गर्न आग्रह गर्नुभयो। उहाँका अनुसार भाषा, इतिहास र संस्कृति रहेपछि मात्रै पहिचान रहन्छ। धेरैको भाषा लोप भइसकेको छ। यसरी पुस्तक लेखिएपछि बचाउन सकिन्छ।

लोप हुन लागेकोलाई नयाँ पुस्ताले विस्तार गरेको वक्ताहरुको भनाइ थियो। यतिबेला देशका धेरै ठाउँमा पर्व मनाउन थालिएको, केहीमा सिक्ने काम गरिएको बताए। पछिल्लो पुस्तालाई लिखत रुपमा दिएर लेखकले गुण लगाएको बताए। यस अभिलेखीकरणले पर्वलाई पुस्तौंसम्म बचाई राख्नका निम्ति योगदान दिने बताए।

नेपाल मगर संघ दाङका अध्यक्ष मुक्त बुढा मगरले सबै समाजले यसरी नै पुस्तक प्रकाशन गर्न आग्रह गर्नुभयो। त्यसरी प्रकाशन भएका कृतिलाई एकरुपता दिन दस्तावेजीकरण गर्ने प्रतिबद्धता जनाउनुभयो। कार्यक्रममा नेपाल मगर संघका केन्द्रीय पूर्वउपाध्यक्ष दर्जित रोका मगरले धन्यवाद मन्तव्य व्यक्त गर्नुभएको थियो।

अतिथिहरु रोल्पाली सेवा समाज रोल्पाका केन्द्रीय अध्यक्ष डिलाराम वली, रोल्पा कोटगाउँले समाजका अध्यक्ष टेकबहादुर वलीलगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो। मगर सांस्कृतिक उपसमितिका अध्यक्ष मायापुरा रोका मगरले स्वागत गर्नुभएको कार्यक्रमको सञ्चालन सहसचिव सरस्वती रोका मगरले गर्नुभएको थियो।

# रैथाने खाना र सांस्कृतिक कार्यक्रम हुने

**युगबोध समाचारदाता**

घोराही, १ असार। दाङ देउखुरी होटल व्यवसायी समितिले ३२ औं स्थापना दिवसका अवसरमा बुधबार घोराहीमा रैथाने खाना संरक्षण तथा सांस्कृतिक प्रवर्द्धन कार्यक्रम गर्ने भएको छ।

समितिका अध्यक्ष ईश्वर कुमार बुढा मगरको अध्यक्षतामा सोमबार घोराहीमा पत्रकार सम्मलेन गरी बुधवार दिउँसो १ बजेदेखि राति १० बजेसम्म चल्ने जानकारी दिइएको छ। 'जुन-जुन चिज त्यहाँ हुन्छ ती सबै चाख्न पाइनेछ'- अध्यक्ष बुढा मगरले भन्नुभयो- 'मिठो मानेर थप खान चाहनेले किनेर खाने व्यवस्था पनि हुनेछ।' उहाँका अनुसार मगर, थारु, नेवार लगायत विभिन्न जातजातिका सांस्कृतिक झाँकीहरु प्रदर्शनी हुनेछन्। परम्परागत खानालाई कसरी संरक्षण गर्न सकिन्छ। दाङलाई खानाको हिसावले कसरी परिचित गराउन सकिन्छ भनेर कार्यक्रम गर्न लागिएको हो। उहाँले सबैलाई चुलेनिम्तो गर्दै उपस्थित भएर सांस्कृतिक कार्यक्रम अवलोकन गर्न र परिकार चाख्न आग्रह गर्नुभयो।

यसैगरी संस्कृतिका हिसावले परिचय गराउन, खानाको जानकारी दिएर पर्यटक भित्र्याउन, यस क्षेत्रमा पर्यटकलाई आकर्षण गर्न कार्यक्रम आयोजना गरिएको अध्यक्ष बुढाले बताउनुभयो। रैथाने खानाले नै बाहिरका पर्यटक आकर्षित हुने नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव सविन प्रियासनको भनाइ थियो। त्यसैगरी प्राविधिक सहयोग गरेको कुमाख कलेज अफ म्यानेजमेन्ट एण्ड टेक्निकल साइन्स तुलसीपुरका सञ्चालक तुफान केसीले त्यसदिनको मेन्युका बारेमा जानकारी दिनुभयो। उहाँका अनुसार ढिक्री, घोंगी, ढकनीमा कुटेको अचार, केराको बुंगोको अचार, सेवाई खिर, सातु र मोही, बधिया भालेको झोल, ढिडो, अनदीको भात, काँचो मेवाको अचार, बफ छोइला, बारा, सिद्राको अचार, अनदीको झोल, सिन्कीको झोल रहने छन्। घोराही उपमहानगरपालिकाको सहयोगमा कार्यक्रम हुने बताइएको छ। कार्यक्रमको सञ्चालन समितिका सचिव श्यामकुमार विकले गर्नुभएको थियो।

## पूँजीगत खर्च ३२.५३ प्रतिशत

काठमाडौं, १ असार (युस)- चालु आर्थिक वर्षको ११ महिनामा पूर्वाधार तथा विकास निर्माण लक्षित पूँजीगत खर्च एक खर्ब ३२ अर्ब ६६ करोड ७७ लाख भएको छ। महालेखा नियन्त्रक कार्यालयको दैनिक बजेटरी विवरणअनुसार चालु आवको ११ महिनामा कूल लक्ष्यको ३२ दशमलव ५३ प्रतिशत पूँजीगत खर्च भएको हो।

सरकारले चालु आवमा चार खर्ब सात अर्ब ८८ करोड ८० लाख रकम पूँजीगत खर्चतर्फ विनियोजन गरेको छ। चालु आव सकिन एक महिना मात्रै बाँकी रहेको अवस्थामा पूँजीगत खर्च भने पर्याप्त हुन सकिरहेको छैन। चालु आवमा चालु खर्चतर्फ ११ खर्ब ८० अर्ब ९८ करोड खर्च गर्ने लक्ष्य राखेकामा ११ महिनामा ७६ दशमलव ९१ प्रतिशत खर्च भएको छ।

**उत्पादन....**

गरिएको छ। लुम्बिनी प्राविधिक विश्वविद्यालयको पूर्वाधार विकास, छात्रवृत्ति कार्यक्रम, सामुदायिक विद्यालयको स्तरोन्नति तथा सूचना प्रविधि पहुँच विस्तारलाई प्राथमिकता दिइएको छ। प्रदेशभर बालविवाह न्यूनीकरण अभियान सञ्चालन गर्न १० करोड ९० लाख रुपैयाँ विनियोजन गरिएको छ। महिलाको आर्थिक सशक्तीकरण तथा सामाजिक न्यायका कार्यक्रमलाई पनि निरन्तरता दिइएको छ भने पर्यटन क्षेत्रलाई आर्थिक विकासको आधार बनाउने लक्ष्यसहित सुकौरा पर्यटकीय क्षेत्र, थारु संग्रहालय, फुटाहा ताल, अर्घा दरबार, सुपादेउराली-स्वर्गद्वारी पर्यटकीय मार्गलगायतका आयोजनाका लागि बजेट व्यवस्था गरिएको छ। पर्यटन पूर्वाधार तथा संस्कृति प्रवर्द्धनका अधुरा योजनाहरू सम्पन्न गर्न २० करोड रुपैयाँ विनियोजन गरिएको छ। लुम्बिनीलाई आरोग्य पर्यटन केन्द्रका रूपमा विकास गर्ने कार्यक्रमलाई पनि निरन्तरता दिइएको छ।

**भौतिक पूर्वाधार र सडक**

भौतिक पूर्वाधार विकास मन्त्रालयका लागि सबैभन्दा बढी १० अर्ब १८ करोड ४५ लाख रुपैयाँ विनियोजन गरिएको छ। प्रदेश गौरवका आयोजना, बहुवर्षीय सडक तथा पुल आयोजना, रणनीतिक सडक सञ्जाल विस्तार तथा सडक सुरक्षाका कार्यक्रमलाई प्राथमिकता दिइएको छ। आगामी वर्ष १८० किलोमिटर सडक कालोपत्रे, १२५ किलोमिटर सडक ग्राभेल, ३० वटा सडक पुल तथा १० वटा झोलुङ्गे पुल निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ भने 'एक घर, एक धारा' अभियानलाई निरन्तरता दिँदै ८० प्रतिशतभन्दा बढी प्रगति भएका खानेपानी आयोजना सम्पन्न गर्न ६६ करोड ६० लाख रुपैयाँ विनियोजन गरिएको छ। सिंचाई विस्तारका लागि ८६ करोड ४१ लाख रुपैयाँ तथा नदी नियन्त्रण, तटबन्ध निर्माण र जलउत्पन्न प्रकोप व्यवस्थापनका लागि ३५ करोड ४७ लाख रुपैयाँ छुट्याइएको छ।

यसैगरी प्रदेश सरकारले 'डिजिटल लुम्बिनी अभियान' सञ्चालन गर्ने भएको छ। कृत्रिम बुद्धिमत्ता, डिजिटल सेवा प्रवाह, एकीकृत डाटा व्यवस्थापन तथा सरकारी कामकारवाहीलाई प्रविधिमैत्री बनाउने कार्यक्रमलाई प्राथमिकता दिइएको छ। प्रदेशका युवालाई सूचना प्रविधि र कृत्रिम बुद्धिमत्तासम्बन्धी तालिम प्रदान गरी कम्तिमा १०० जनालाई स्वरोजगार बनाउने लक्ष्य लिइएको छ। यसैबीच वित्तीय समानीकरण, सशर्त, विशेष तथा समपूरक अनुदान र राजस्व बाँडफाँडमार्फत स्थानीय तहलाई ५ अर्बभन्दा बढी रकम हस्तान्तरण हुने अनुमान गरिएको छ।

**आकर्षक घडेरी**
घोराही उपमनपा-१६
सरस्थित घोराही-तुलसीपुर
हाइवेदेखि ३०० मिटर नजिकै
११-४० हात क्षेत्रफलको
आकर्षक घडेरी बिक्रीमा छ।
जग्गाधनी सम्पर्क
नं. ९८४७८२६३२४

## राप्ती प्रादेशिक अस्पताललाई चार करोड बजेट विनियोजन

तुलसीपुर, १ असार (युस)- लुम्बिनी प्रदेश सरकारले राप्ती प्रादेशिक अस्पताललाई चार करोड बजेट बिनियोजन गरेको छ। अस्पताललाई २ सय शैय्यामा स्तरोन्नति गर्न प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेटमा ४ करोड बजेट विनियोजन गरेको हो।

सोमबार बसेको प्रदेशसभाको बैठकमा आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्कीले बजेट भाषणमार्फत आगामी वर्ष राप्ती प्रादेशिक अस्पताललाई चार करोड बजेट बिनियोजन गरिएको बताउनुभयो। विगतदेखि नै सरकारको नजरबाट उपेक्षामा पर्दै आएको अस्पतालले यस पटक पनि त्यो नियति भोगेको छ। लुम्बिनी प्रदेशमा रहेका दुईवटा प्रादेशिक अस्पताल लुम्बिनी प्रादेशिक अस्पताल र राप्ती प्रादेशिक अस्पताललाई सरकारले बजेट विनियोजन गर्दा ठूलो भिन्नता देखिएको भन्दै नागरिकहरुले गुनासो गरेका छन्। यसैगरी प्रदेश सरकारले थारु राजा दंगीशरणको इतिहास संरक्षण गर्न सुकौराकोट पर्यटकीय स्थलको पूर्वाधार निर्माण र थारु संग्रहालय निर्माणका लागि भनेर ४ करोड रुपैयाँ विनियोजन गरेको छ।

# बालविवाह अन्त्यका लागि सबै पालिकालाई बजेट

**युगबोध समाचारदाता**

देउखुरी, १ असार। लुम्बिनी प्रदेश सरकारले पहिलोपटक बालविवाह न्यूनीकरण र नियन्त्रणका लागि बजेट विनियोजन गरेको छ। आर्थिक वर्ष २०८३/८४ का लागि सोमबार प्रदेश सरकारले सार्वजनिक गरेको बजेटमार्फत सरकारले स्थानीय तहहरूका लागि बालविवाह न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गर्न बजेट विनियोजन गरेको हो। बजेट वक्तब्य पढ्दै आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्कीले प्रदेशका सबै पालिकाहरूमार्फत परिचालन हुनेगरी उक्त बजेट विनियोजन गर्नुभएको हो।

उहाँका अनुसार आगामी आर्थिक वर्षमा लुम्बिनी प्रदेशका १२ वटै जिल्लाका १०९ वटा पालिकाहरूले बालविवाहविरुद्ध अभियानहरू सञ्चालन गर्नेछन्। उक्त प्रयोजनार्थ लुम्बिनी प्रदेश सरकारले 'बालविवाह न्यूनीकरण, बालसंरक्षण, शिक्षा र पुन:स्थापना'का लागि बजेट विनियोजना गरेको हो। यो कार्यक्रमका लागि सरकारले प्रदेशका १०९ वटै पालिकाहरूलाई १०/१० करोडका दरले बजेट विनियोजन गरेको छ। नेपालमा सबैभन्दा धेरै बालविवाह हुनेमध्ये लुम्बिनी प्रदेश पनि एक हो। यहाँ लगभग ४५ प्रतिशत बालविवाह हुनेगरेको सरकारी तथ्यांक छ। सरकारले दिगो विकास लक्ष्य प्राप्तिका लागि आगामी सन् २०३० सम्ममा 'बालविवाह मुक्त नेपाल' बनाउनेगरी अन्तर्राष्ट्रिय प्रतिबद्धता जनाएको छ।

त्यस्तै लुम्बिनी प्रदेशले समेत 'बालविवाह अन्त्यका लागि लुम्बिनी प्रदेशको दश वर्षे रणनीति' बनाइसकेको छ। आर्थिक वर्ष २०७८/७९ मै प्रदेश सरकारले यो रणनीति बनाइसकेको थियो। तर पहिलोपटक प्रदेश सरकारले बालविवाह अन्त्यलाई नै प्राथमिकतामा राखेर उक्त बजेट विनियोजन गरेको हो।

**श्री मनसुता सामुदायिक वन उपभोक्ता समूह**
**बबई गाउँपालिका वडा नं. २ र ३, दाङ**
**गोलिया काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना !**
प्रथम पटक प्रकाशन मिति २०८३।०३।०२ गते

**श्री मनसुता सामुदायिक वन उपभोक्ता समूह, बबई गाउँपालिका वडा नं. २ र ३, दाङको वनबाट उत्पादन भई समूहको घाटगद्दीमा लट बनाई राखिएको साल प्रजातिको गोलिया काठ थान १९८ को ११४८.८५ क्यु.फि. र असना गोलिया थान ३४ को ३८४.१९ क्यु.फि. गरी जम्मा गोलिया थान २३२ को १५३३.०४ क्यु.फि. काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिनभित्र र सो दिन सार्वजनिक विदा परेमा सो को लगत्तै भोलिपल्ट प्रत्येक लटको छुट्टाछुट्टै शिलवन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ।**

**अध्यक्ष**

**श्री सवारीकोट सामुदायिक वन उपभोक्ता समूह**
**घोराही उपमहानगरपालिका वडा नं. ४ सवारीकोट, दाङ**
**गोलिया काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना !**
प्रथम पटक प्रकाशन मिति २०८३।०३।०२ गते

**श्री सवारीकोट सामुदायिक वन उपभोक्ता समूह, घोराही उपमहानगरपालिका वडा नं. ४ सवारीकोट, दाङको वनवाट उत्पादन भई घोराही उपमहानगरपालिका वडा नं. ४ तार्केनी, दाङको घाटगद्दीमा लट बनाई राखिएको आ.व. २०८२/८३ को साल प्रजातिको गोलिया काठ थान ३५३ को ११८९.३६ घ.फि. र साल दाउरा १०.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिनभित्र र सो दिन सार्वजनिक विदा परेमा सो को लगत्तै भोलिपल्ट प्रत्येक लटको छुट्टाछुट्टै शिलवन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ।**

**अध्यक्ष**

नयाँ युगबोध प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, संस्थापक एवं सल्लाहकार : नारायणप्रसाद शर्मा, अध्यक्ष तथा प्रबन्ध निर्देशक : प्रताप रेग्मी, सम्पादक : लक्ष्मी आचार्य, समाचार सम्पादक : जे.एन. सागर व्यवस्थापक : ऋषिराज पोखेल
मुद्रक : प्रतिभा अफसेट प्रेस, कार्यालय: घोराही दाङ, लुम्बिनी प्रदेश, नेपाल फोन : ०८२-५६००८४, ५६१३०३, ०८२-५६०९४८, शाखा कार्यालयहरु: राप्ती उपत्यका (देउखुरी)- ०८२-५९०४८५, तुलसीपुर- ५२०९४८, लमही- ९८५७८४०२४१, E-mail : yougbodh@gmail.com